स्पेन र नेपालबीचको सम्बन्ध उचाइमा पुग्छ : तिमिल्सिना

■ सौर्य समाचार

काठमाडौं । राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले नेपाल र स्पेनबीचको सम्बन्ध विस्तार र राष्ट्रहितका लागि भरखरै भएको आफ्नो भ्रमण निकै फलदायी रहेको बताएका छन् । स्पेन भ्रमणबारे जानकारी दिन आइतबार आयोजित पत्रकार सम्मेलनमा उनले स्पेनमा बनाउन लागिएको लुम्बिनी उद्यान परियोजना दुई देशबीचको सम्बन्ध सेतुका रुपमा रहने विश्वास व्यक्त गरे ।

अध्यक्ष तिमिल्सिनाले भने, 'बुद्धको जन्मस्थल लुम्बिनी क्षेत्रको अझ प्रचारप्रसारका लागि क्याथेरेश शहरमा स्थापना हुने गार्डेनले महत्वपूर्ण भूमिका खेल्नेछ, बौद्ध दर्शन र धर्ममा लाग्नेलाई गौतम बुद्धको जन्मथलोको भ्रमण गर्न प्रेरित गर्नेछ, नेपाल र यहाँका कला संस्कृति, जातीय विविधता, हिमाल र प्रकृति बुझ्न सहज हुनेछ ।' स्पेन भ्रमणका क्रममा भएको शान्ति सम्मेलनमा र अन्य उच्चस्तरीय भेटघाटमा अध्यक्ष तिमिल्सिनाले शाक्यमुनि बुद्धको शान्तिको सन्देश संसारभर फैलाउन सबैसँग अनुरोध गरिएको जानकारी दिए । शान्तिका अग्रदूत गौतम बुद्धको जन्मभूमि नेपालका तर्फबाट विश्व शान्ति र भाइचाराका लागि अनुरोध गर्दै उनले बौद्ध दर्शनको अद्वितीय गुण भनेकै जीवन र प्रकृतिप्रतिको नवीनतम सोच भएको र खुशी प्राप्तिका लागि कसैले अर्को जन्म र भिन्नै विश्वको प्रतीक्षा गर्नु नपर्ने धारणा राखेका थिए ।

लुम्बिनी गार्डेन फाउण्डेशनका अध्यक्ष जोशे म्यानुएल भिलानोभा आलेमनले अध्यात्म र शान्तिसँग जोडेर नेपालको पवित्र भूमि र दुई देशबीचको सम्बन्ध विस्तारका विभिन्न पक्षबारे धारणा राखे । फाउण्डेशनका उपाध्यक्ष गोविन्द सुवेदीले परियोजना अघि बढेसँगै स्पेन र नेपालबीचको सशक्त मैत्रीपूर्ण सम्बन्ध आगामी दिनमा थप सुदृढ हुने विश्वास व्यक्त गरे । कतिपय विकसित मुलुक सम्पन्न हुँदाहुँदै पनि हत्या र हिंसाका घटना भइरहेका र शान्तिको खोजीमा रहेको परिस्थितिमा बौद्ध दर्शनको महत्वपूर्ण पाटो अहिंसा र शान्तिलाई अघि बढाउन चाहेकाले स्पेनले शान्ति प्रवर्द्धनका लागि सम्मेलनको आयोजना गरेको जनाइएको छ ।

स्पेनको एक्स्त्रेमादुरा प्रदेशका मुख्यमन्त्री गुइलेरम्मो फर्नाण्डेज भारका निमन्त्रणामा त्यहाँ आयोजित शान्ति सम्मेलनमा भाग लिने सिलसिलामा उहाँले गत चैत २३ देखि यही वैशाख १ गतेम्म भ्रमण गरेका थिए । लुम्बिनी गार्डेन फाउण्डेशनका आयोजनामा भएको सम्मेलनमा अध्यक्ष तिमिल्सिनाका साथ लुम्बिनी सांस्कृतिक नगरपालिकाका प्रमुख मनमोहन चौधरी, रामग्राम नगरपालिकाका प्रमुख नरेन्द्रप्रसाद गुप्ता, देवदह नगरपालिकाका प्रमुख हीराबहादुर खत्रीलगायतको सहभागिता थियो ।

बुद्ध र बौद्ध दर्शनसँग जोडिएका चार वटै पालिकाबाट लगिएको माटामा नेपालकै पीपलको वृक्ष रोपेर उद्यान निर्माणको शुभारम्भ भएको जनाइएको छ । उद्यानमा अत्यन्तै महँगो अर्थात् दुई अर्ब मूल्य अनुमान गरिएको धातुको ४० मिटर अग्लो बुद्धको मूर्ति स्थापना गर्ने सोच अघि बढाइएको छ ।

व्यवस्थापन समितिको भूमिका थप स्पष्ट गरिने

■ सौर्य समाचार

काठमाडौं । सरकारले संघीय शिक्षा ऐनमा विद्यालय व्यवस्थापन समितिको भूमिकालाई थप स्पष्ट पार्ने भएको छ । नयाँ संविधानअनुसार संघीय ऐन तर्जुमाको क्रममा रहेको छ । सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपालले आयोजना गरेको अभिभावकको सवाल प्राथमिकीकरण तथा रणनीतिक योजना अद्यावधिक कार्यशालाको समापनका अवसरमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहससचिव दीपक शर्माले विद्यालयको गुणस्तर सुधारका लागि व्यवस्थापन समिति, अभिभावक, प्रधानाध्यापक र शिक्षकको सक्रिय भूमिकालाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए ।

सोका लागि योजनाबद्ध काम गर्न आग्रह गर्दै मन्त्रालयका प्रवक्ता शर्माले सरकारले सामुदायिक विद्यालय सुधार दशक घोषणा गरी कार्यक्रम कार्यान्वयन भइरहेकाले रुपान्तरणकारी राम्रा विद्यालयलाई अगाडि ल्याउन आग्रह गरे । उनले शिक्षामा बजेट बढाउन पहल भइरहेको पनि जानकारी दिँदै सार्वजनिक विद्यालयको गुणस्तर सुधारका लागि विद्यालय सुधार योजना, गाउँ र नगर शिक्षा सुधार योजना बन्नुपर्ने जनाए ।

शिक्षा नीति तथा अभ्यास केन्द्रको सहकार्यमा काभ्रेको धुलिखेलमा सम्पन्न तीन दिने कार्यशालाले संघीय शिक्षा ऐन चाँडो ल्याउनुपर्नेलगायत १० बुँदे घोषणापत्र जारी गरेको महासंघका अध्यक्ष कृष्ण थापाले जानकारी दिए । उनले राज्यका नीति, नियम, कानून र निर्देशिका तर्जुमा हुँदा आफूहरुको सहभागिता र स्वामित्व अनिवार्य गर्न र अभिभावकको अधिकारलाई सम्मान गर्न माग गरे ।

महासंघका महासचिव गुणराज मोक्तानका अनुसार महासंघका प्रदेश र जिल्लास्तरका पदाधिकारी सहभागी कार्यशालामा शिक्षाविद् डा राजेन्द्रध्व जोशी, शिक्षा विश्लेषक टीका भट्टराई, सहजकर्ता सोमत घिमिरेलगायत स्रोत व्यक्तिका सहजीकरण गरेका थिए । मुलुकका २९ हजार सामुदायिक विद्यालयका व्यवस्थापन समितिको प्रतिनिधित्व गर्ने गरी २०७० सालमा स्थापित सो महासंघमा हाल ४७ जिल्ला समिति गठन भइसकेको छ ।

महासङ्घले विद्यालय व्यवस्थापन समिति र अभिभावकको क्षमता अभिवृद्धि गरी सामाजिक अभियानका माध्यमबाट सुरक्षित र सुशासनयुक्त वातावरणमा बालबालिकाले युग सुहाउँदो गुणस्तरीय शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न नीतिगत वकालत, सरोकारवालाको क्षमता अभिवृद्धि तथा ऐक्यबद्धता र अभिभावकको सङ्गठित क्रियाशीलताको निरन्तरता कायम राख्ने उद्देश्य लिएको छ ।

एक वर्षे...

समय लाग्ने र अन्ततः ट्रायल पास भएपछि पनि लाइसेन्स पाउन महिनौं कुर्नुपर्ने जस्ता गुनासो विभागले सुन्दै आएको छ । अझै चार लाखभन्दा बढी लाइसेन्स प्रिन्ट हुन बाँकी भएको महानिर्देशक घिमिरेले जानकारी दिए ।

लाइसेन्स आवदेकको गुनासो सम्बोधनको विकल्प भने कार्यालयहरूमा परीक्षा सञ्चालन गर्ने क्षमता बढाउनु नै रहेको उनले बताए । अहिले २३ वटा कार्यालयबाट दैनिक २५ सयदेखि तीन हजारसम्मले परीक्षा दिइरहेका छन् । जेठ १ गतेदेखि भने यो क्षमता दोब्बर गर्ने योजनाबारे विभाग र मातहत कार्यालयबीच छलफल भएको पनि उनले बताए ।

महामारी...

संक्रमित भएकोमा छ हजार ८१८ निको भएका छन् । हाल संक्रमित १२७ रहेका छन् । तीमध्ये २६ जना अस्पतालमा छन् भने १०१ होम आइसोलेशनमा रहेका छन् । हालसम्म जिल्लाका ११४ को कोरोना संक्रमणबाट मृत्यु भएको छ ।

पूर्वराजालाई...

लगाउन थालेका थिए । जनताले नेतालाई रजाइँ गर्न र सत्तामा लुछाचुडी गर्न गणतन्त्रका लागि लडेका थिएनन् । त्यो भीडले राजालाई भावुक मात्र बनाएन आँट पनि थपेको छ । भारतमा पनि उनको स्वागतपछि उत्साहित बनेका राजा काठमाडौँ ओर्लेपछि थप उत्साहित र भावुक बनेको उनी निकटस्थले सुनाए । पूर्वराजा बाहिरिदै गर्दा पञ्चकन्याले सयपत्री फूलको माला लगाएर स्वागत गरिएको थियो भने विमानस्थल परिसरभित्रै पञ्चेवाजा घन्केको थियो । राष्ट्रिय झण्डासहितको ठूलो भीड विमानस्थलमा थियो ।

आईसीयू...

गौतमले जानकारी दिए । यससँगै नेपालमा कूल संक्रमितको संख्या दुई लाख ८४ हजार ६७३ पुगेको छ ।

कूल संक्रमितमध्ये काठमाडौं उपत्यकामा मात्र ४३५ जना छन् । तीमध्ये भक्तपुरमा ४५, ललितपुरमा ६४ र काठमाडौंमा ३२६ जना छन् । मन्त्रालयका अनुसार हाल देशभर छ हजार २९० जना सक्रिय संक्रमित रहेका छन् । त्यस्तै संस्थागत आइसोलेशनमा ५७६ जना र होम आइसोलेशनमा पाँच हजार ७१४ जना रहेका छन् । यस्तै देशभर ११६ जना आइसियु र ४६ जना संक्रमित भेन्टिलेटरमा उपचारत छन् । गत २४ घण्टामा २६२ जना उपचारपछि डिस्चार्ज भएका छन् । योसँगै निको हुनेको संख्या दुई लाख ७५ हजार ३०० पुगेको मन्त्रालयले जनाएको छ । यस्तै देशभर ८५ जना क्वारेन्टाइनमा रहेका छन् । त्यस्तै पछिल्लो २४ घण्टामा आठ जनाको मृत्यु भएको छ । योसँगै कोरोना सङ्क्रमणबाट मृत्यु हुनेको संख्या तीन हजार ८३ जना पुगेको छ ।

सरकारमा...

सांसद नरहेको व्यक्तिलाई मन्त्रीमा नियुक्त गर्न सकिने अधिकार दिएपनि यसले संसदीय प्रणालीमा राम्रो सन्देश नजाने विश्लेषकहरु बताउँछन् ।

केन्द्रीय सरकारको सिको प्रदेश सरकारले पनि गर्न थालेका छन् । फ्लोर क्रस गरेपछि एमालेबाट निस्कासनमा परेका कर्णाली प्रदेशका ३ सांसदलाई मन्त्री बनाइएको छ । यद्यपी एमालेबाट पदमुक्त गरेको पत्र प्रदेशसभाले निकालिसकेको छैन । तर, उनिहरु पदमुक्त गर्ने प्रक्रियामा रहेकाले एक दुई दिनमै त्यो निस्कने बताइएको छ ।

फ्लोर क्रस गरेका नन्दसिंह बुढालाई भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री, अमरबहादुर थापालाई भौतिक पूर्वाधार विकासमन्त्री र कुर्मराज शाहीलाई उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री नियुक्त र सपथ लिइसकेका छन् । उनीहरूले शुक्रबार 'फ्लोर क्रस' गरेर मुख्यमन्त्रीलाई विश्वासको प्रस्तावमा मतदान गरेका थिए । शनिबारमात्र एमाले प्रदेश कमिटीले तीनैजनालाई पार्टीको साधारण सदस्यबाट निष्कासन गर्ने निर्णय गरेको थियो ।

प्रदेश-१ मा माओवादी केन्द्र परित्याग गरेका टंक आङबुहाङलाई सरकारले आर्थिक मामिला तथा योजनामन्त्री बनाएको छ । मन्त्री बन्दा सांसद नै रहेका उनलाई माओवादी केन्द्रले पदमुक्त गरेको थियो । कतिपय प्रदेश र केन्द्रमा सरकार ढाल्ने र नयाँ बनाउने तरखर जोडतोडका साथ चलिरहेको छ । जसले गर्दा त्यहाँ पनि फ्लोर क्रस गर्ने र पार्टी परित्याग गर्नेको संख्या बढ्ने देखिएको छ ।

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला

शीलबन्दी दरभाउपत्र/वोलपत्र आब्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/०१/०६

यस कार्यालयबाट आ.व. २०७७/०७८ मा विभिन्न योजनाहरुको निर्माण कार्य शिलबन्दी दरभाउपत्र/वोलपत्रद्वारा गराउनुपर्ने भएकोले निर्माण व्यवसायी ऐन २०५५ अन्तर्गत दर्ता भएका नेपाल सरकारबाट इजाजतप्राप्त इच्छुक निर्माण व्यवसायीहरुले निम्न शर्तहरुको अधिनमा रही रीतपुर्वकको शीलबन्दी दरभाउपत्र/वोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

शर्तहरु :

१. तपशिलमा उल्लेखित रकम (फिर्ता नहुने गरी) नगदै बुझाई रसीद संलग्न राखी अधावधिक नविकरण भएको ठेक्का ईजाजतपत्र, प्यान नम्बर दर्ता प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाणपत्र आ.व.२०७६/०७७ सम्मको कर चुक्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपि संलग्न गरी लिखित निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले सिलबन्दी दरभाउपत्रको हकमा १५ दिन र वोलपत्रको हकमा ३० दिन भित्र सिमकोट गाउँपालिका को कार्यालयबाट कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।
२. यस कार्यालयबाट खरिद गरेका शीलबन्दी दरभाउपत्र/वोलपत्र फाराम नियमाअनुसार भरी खाममा सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.न., शीलबन्दी दरभाउपत्रदाता/वोलपत्रदाताको नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी विकि गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको १२:०० बजेसम्म सिमकोट गाउँ पालिकाको कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ । दर्ता भएका शीलबन्दी दरभाउपत्र/वोलपत्र सोहि दिनको २:०० बजे दरभाउपत्रदाता/वोलपत्रदाता स्वयं वा निजकोप्रतिनिधि र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । शिलवन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि दरभाउपत्र/वोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन ।
३. तपशिलमा उल्लेखित धरौटीबापतको रकम राष्ट्रिय वाणिज्य बैंक, सिमकोट हुम्ला स्थित सिमकोट गाउँ पालिकाको कार्यालयको नाममा रहेको धरौटी खाता नं. ४१९०१००३०३००००३ नगद जम्मा गरेका सक्कल बैक भौचर वा यस कार्यालयको नाममा ने.रा.बैंकबाट मान्यता प्राप्त बाणिज्य बैकले जारी गरेको शिलवन्दी दरभाउपत्रको हकमा कम्तीमा ७५ दिन र वोलपत्रको हकमा १२० दिन म्याद भएको बिड बन्ड प्रत्येक दरभाउपत्र/वोलपत्र साथ संलग्न गनुपर्नेछ ।
४. सिलबन्दी दरभाउपत्र/वोलपत्र शर्त रहित, प्रत्येक आईटममा प्रस्टसंग भरिएको, दरभाउपत्र लगायत कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनुपर्नेछ । दररेट सच्याउनु परेमा दस्तखत भएको हुनुपर्नेछ । समय भित्र प्राप्त नभएको , रीत नपुगेको , सूचनाको सर्त विपरित भएको दरभाउपत्र/वोलपत्र माथि कुनै कारवाही हुने छैन ।
५. नेपाल सरकारलाई तिर्न बुझाउनुपर्ने सबै प्रकारका करहरु र स्थानीय स्तरमा तिर्नुपे सबै प्रकारका करहरु दरभाउपत्र/वोलपत्र मा उल्लेख गरिएको दररेटमा भ्याटबाहेक समावेश गरिएको मानिने छ ।
६. शीलबन्दी दरभाउपत्रदाता/वोलपत्रदाताले निर्माण स्थल र कामको सम्बन्धमा राम्ररी बुझि दरभाउपत्र भरेको मानिनेछ ।
७. दरभाउपत्र/वोलपत्र खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन खरिद र सो को भोलीपल्ट दर्ता गर्न सकिनेछ ।
८. दरभाउपत्र/वोलपत्र डकुमेन्ट , स्पेसिफिकेशन , परिमाण सूची (Bill of Quantities) आदिमा - भाषागत समेत) त्रुटी भएमा वा विषय प्रसंगले अंर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्नेछैन ।
९. प्राप्त दरभाउपत्र/वोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकार गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
१०. शीलबन्दी दरभाउपत्र/वोलपत्र फारामको प्रत्येक पानामा शीलबन्दी दरभाउपत्र /वोलपत्र दाताले छाप सहित सहि गर्नुपर्नेछ ।
११. शीलबन्दी दरभाउपत्रदाता/वोलपत्रदाताबाट दरभाउपत्र/वोलपत्रमा उल्लेखित परिमाण सूचीमा प्रत्येक आईटमको दररेट भरी नआएमा त्यस्तो दर भाउपत्र/वोलपत्र उपर कुनै कारवाही हुनेछैन ।
१२. शीलबन्दी दरभाउपत्र/वोलपत्रमा नियमानुसार लाग्ने भ्याट बाहेकको दररेट अंक र अक्षरमा उल्लेख गर्नुपर्नेछ र अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
१३. यसमा उल्लेख नभएको हकमा सार्बजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुनेछ ।

तपशिल

क्र.सं.	ठेक्का.नं.	योजनाको नाम	अनुमानित ल.ई. (भ्याट र कन्टिजेन्सी बाहेक) रु.	धरौटी बापतको रकम रु.	वोलपत्र/ दर भाउपत्रको दस्तुर	कैफियत
१	५/ SRM / २०७७/०७८	टुलिङ देखि धारापोरी सडक निर्माण कार्य	१०१६१५६३।७३	२,५४,०००।००	३०००।	वोलपत्र

प्रमुख प्रशासकिय अधिकृत

मेगा बैंक नेपाल लिमिटेडको

तपशिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०७८/०१/०६)

तपशिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, व्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरूलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरू बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरूका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जा चुक्ता भुक्तानी गर्नुहुन यो **३५ (पैतिस) दिने सार्वजनिक सूचना** प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणीहरु र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरूले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चल अचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानूनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकारेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु तथा व्यक्तिगत जमानीकर्ताहरूको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरूको विवरण	ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरूको फोटो	ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरूको विवरण	ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरूको फोटो
१) ऋणी : भगवती देवी रावल (ना.प्र.नं. २१०१९, मिति २०४८/०९/१५ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको) ठेगाना : सिद्धार्थनगर ०८, रुपन्देही पति : महेश बहादुर रावल ससुरा : हरि बहादुर रावल **व्यक्तिगत जमानीकर्ताहरू :** **१. राजेश रावल** (ना.प्र.नं. २६०९६ , मिति २०६१/०३/१५ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको) बाबु : महेश बहादुर रावल बाजे : हरि बहादुर रावल **२. राजीव रावल** (ना.प्र.नं. ३७१०२३/२/३७४०२, मिति २०६५/०८/२९ मा जि.प्र.का. रुपन्देहीबाट जारी भएको) बाबु : महेश बहादुर रावल बाजे : हरि बहादुर रावल	 भगवती देवी रावल राजेश रावल राजीव रावल	**२) ऋणीहरू : भीमसेन गिरी र ठुलीकान्छी गिरी** ठेगाना : गोकर्णेशवर न.पा. ०६, जोरपाटी, काठमाडौं **(क) भीमसेन गिरी** (ना.प्र.नं. २४३०७७/१७५), मिति २०६३/१०/२० मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको) बाबु : गुणराज गिरी बाजे : जित बहादुर **(ख) ठुलीकान्छी गिरी** (ना.प्र.नं. २४४२६२, मिति २०६२/०३/०५ मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको) पति : गुणराज गिरी ससुरा : जित बहादुर **व्यक्तिगत जमानीकर्ताहरू :** **१. गुणराज गिरी** (ना.प्र.नं. १५६३/९७४), मिति २०४५/०२/२२ मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको) बाबु : जित बहादुर बाजे : रतन गिरी **२. प्रेम गिरी** (ना.प्र.नं. २४१०७७/२०७४४), मिति २०६६/०७/०२ मा जि.प्र.का. सिन्धुपाल्चोकबाट जारी भएको) बाबु : गुणराज गिरी बाजे : जित बहादुर	 भीमसेन गिरी ठुलीकान्छी गिरी गुणराज गिरी  प्रेम गिरी
३) ऋणी : प्रभु कृषि फर्म सा.फ.द.प्र.प.नं. : १०८६/०७५/०७६ ठेगाना : सुन्दरहरैंचा ०३, मोरङ **व्यक्तिगत जमानीकर्ताहरू :** **१. भीम बहादुर लिम्बु** (ना.प्र.नं. १८३५/७५, मिति २०३५/१२/१९ मा जि.प्र.का. ताप्लेजुङबाट जारी भएको) बाबु : नरपति लिम्बु बाजे : भगिमान लिम्बु **२. टंक प्रसाद पोखरेल** (ना.प्र.नं. ६१२८५ , मिति २०५८/०६/१९ मा जि.प्र.का. मोरङबाट जारी भएको) बाबु : प्रभुनाथ पोखरेल बाजे : कृष्ण प्रसाद पोखरेल	 भीम बहादुर लिम्बु टंक प्रसाद पोखरेल		

MEGA BANK NEPAL LIMITED मेगा बैंक नेपाल लिमिटेड

मेगा बैंक नेपाल लिमिटेड, राइजिङ्ग मल, कमलादी, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. २६५५९
फोन नं.: ९७७-१-४१६९२५०/५१/५३/५४, फ्याक्स नं.: ९७७-१-४१६९२१५ वेबसाइट: ध्धध्ककभनबदबलपलभउबीअक